STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ १७ गते सोमबार ❑ 31 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## थप बजेट माग्न गण्डकीका मुख्यमन्त्रीसहित मन्त्रीको टोली काठमाडौंमा

**रासस**
**काठमाडौं, १६ माघ**

अघिल्लो सरकारले सिर्जना गरेको दायित्वका कारण प्रदेश भित्रका विकासे आयोजना अलपत्र पर्ने भएपछि गण्डकी प्रदेश सरकारले संघ सरकारलाई घच्घच्याएको छ।

पूर्वाधार, खानेपानी समेत गरी झन्नै १६ अर्बका बहुवर्षे योजना ठेक्कामा अघिल्लो सरकारले लगाएका कारण कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको सरकारले नयाँ योजना ल्याउन सक्ने अवस्था नै थिएन। नेकपा एमालेको सरकार ढल्नुभन्दा केही अघिसमेत गण्डकीमा बहुवर्षे योजनाहरुठेक्कालगाइएकोथियो। बहुवर्षे योजनाको १६ अर्बमध्ये चालु आवका लागि ५ अर्बमात्र विनियोजन भएको छ । रकम अभावकै कारण गण्डकीको वर्तमान सरकारले सालबसाली योजना कटौती गरिएको छ। जसलाई एमालले मुख्य मुद्दा बनाएको छ। रकम अभावकै कारण पोहोर सकिएका योजनाको भुक्तानी दिनसक्ने अवस्था नभएकाले प्रधानमन्त्री शेरबहादुर देउवासहित अर्थ मन्त्रीलाई भेट्न गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसहित भौतिक पूर्वाधार विकास मन्त्री कुमार खड्का, अर्थमन्त्री रामजीप्रसाद बराल जीवनसहितको टोली अहिले काठमाडौंमा छ। गत आवहरुमा काम भई अपूरा भएका तर बजेट अभावको कारण चालु आर्थिक वर्षमा बजेट विनियोजन गर्न नसकिएका आयोजना ५ सय १७ आयोजना कटौतीमा परेका छन्। अघिल्लो सरकारले ३८ अर्बको बजेट प्रस्ताव गरेकामा वर्तमान सरकारले त्यसमा ८ अर्ब कटौती गरी ३० अर्बको बजेट ल्याएको थियो । यो अवस्था बजेटको अभावकै कारण आएको हो।

गण्डकीको टोलीले आइतबार प्रधानमन्त्री देउवालाई भेटेर प्रदेशको अवस्थाको बारेमा



जानकारी गराएको छ । बजेट अभावले चालु आयोजना अगाडि बढ्न नसकेको, प्रदेश गौरवका आयोजना सुरु गर्न जग्गाका साथमा रकम अभाव रहेको जानकारी मुख्यमन्त्री पोखरेलले प्रधानमन्त्री देउवालाई गराएका छन् । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भएको भेटमा मन्त्रीद्वय खड्का र बरालका साथमा अर्का मन्त्री मणिभद्र शर्मा कँडेल समेत थिए। प्रधानमन्त्री देउवाले सिमित स्रोत र साधनका बीच सरकार अगाडि बढिरहको भन्दै प्रदेशको समृद्धिका लागि सक्दो सहयोग गर्ने वचन दिएका छन् । उनले भने, 'सबै प्रदेशहरुबाट बजेटको माग आएको छ, स्रोत हेरेर सक्दो बजेट दिनेबारेमा अर्थमन्त्रीसँग सल्लाह गर्छु । मुख्यमन्त्री पोखरेलले नेपाल सरकारले प्रदान गर्ने बजेट नै प्रदेशको मुख्य श्रोत रहेको भन्दै वित्तीय समानीकरण अनुदान लगायतका विभिन्न अनुदान, राजश्व बाँडफाँटबाट प्राप्त रकम, रोयल्टी आदि शीर्षकमा प्राप्त रकम र प्रदेश सरकारको आन्तरिक श्रोतबाट प्रदेशले संविधान प्रदत्त जिम्मेवारी पूरा गर्दै आएको बताए।

उनले प्रधानमन्त्रीलनाई बुझाएको पत्रमा उल्लेख छ, ' आन्तरिक श्रोत अत्यन्त न्यून भएका कारण प्रदेशको विकास आवश्यकता पूरा गर्न कठिनाई भएको छ । यसका अतिरिक्त कोभिड १९ को महामारीका कारण प्रदेशको आन्तरिक आयमा कमी हुनुका साथै संघीय सरकारबाट प्राप्त हुने अनुदानमा समेत कटौती हुन गएकोले कतिपय आयोजना श्रोत अभावका कारण सम्पन्न हुन सकेका छैनन् ।'

गण्डकी प्रदेश सरकारले मुलुकको पन्धौं योजना र दिगो विकास लक्ष्यसँग तादात्म्यता कायम गर्दै प्रथम पञ्चवर्षीय आवधिक योजनामार्फत प्रदेशका प्राथमिकता निर्धारण गरेको मुख्यमन्त्री पोखरेलले जानकारी गराए । गण्डकी प्रदेशमा राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान गर्न सक्ने सम्भावनायुक्त क्षेत्रहरु विद्यमान रहे तापनि उक्त क्षेत्रबाट प्रतिफल लिनका लागि आवश्यक पर्ने लगानी जुटाउन नसकिएको मुख्यमन्त्रीले प्रधानमन्त्रीसँग भनेका छन् । उनले भने, 'नेपाल सरकारले प्रदेशको प्राथमिकतामा सहजता साथ प्रयोग गर्न मिल्ने बजेट उपलब्ध गराएमा प्रदेश राष्ट्रिय अर्थतन्त्रमा समेत विशेष योगदान पुऱ्याउन सक्षम हुनेछ।'

मन्त्री कुमार खड्काले बजेट अभावकै कारण योजनाहरु अलपत्र परेको भन्दै सशर्त आयोजना समेत प्रदेशको माग अनुसार नभए संघकै इच्छा अनुसार आउँदा समस्या हुने गरेको बताए । अर्थमन्त्री रामजीप्रसाद बराल जीवनले लोकतन्त्र र संविधानको रक्षाका लागि प्रतिगमनलाई परास्त गरेर आएको सरकार बजेट अभावकै कारण अप्ठेरोमा पर्ने हो कि भन्ने अवस्था आएको बताए।

यसैगरी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्व पौडेलले पनि मुख्यमन्त्रीहित मन्त्रीहरुसँग भेट गरेका छन् । उक्त अवसरमा प्रदेश नीति तथा आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले र अर्थ सचिव वैकुन्ठ अर्यालले प्रदेशमा योजना कार्यान्वयनको अवस्थाका बारेमा जानकारी गराएका थिए।

उक्त अवसरमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. पौडेलले बजेट नहुँदा नहुँदै बहुवर्षे योजना योजना ठेक्कामा लगाउने प्रक्रियालाई अनुशासनहीनताको संज्ञा दिए। उनले भने, 'आफूसँग हुँदै नभएपपको रकमको योजना किन ठेक्कामा लगाउने ?'

उपाध्यक्ष डा. पौडेलले सहलगानीका आयोजनामा चासो दिन प्रदेश सरकारसँग आग्रह गरे। 'सहलगानी भनेको संघ र प्रदेशको मात्र नभएर निजी क्षेत्रको लगानी समेत आवश्यक पर्छ, सानै भए पनि यस्ता आयोजना ल्याउनुस् म अगाडि बढाउँछु ।' गण्डकी सरकारका मन्त्री एवं सरकारका प्रवक्ता कुमार खड्काले जग्गा प्राप्तिका विषयमा आइतबार नै मुख्य सचिवसँग छलफल गरेका छन् । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले आइतबार नै लगानी बोर्ड, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सामाजिक सुरक्षा कोषका अधिकारीसँग छुट्टाछुट्टै भेट र छलफल गरेका छन्।

मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमालले संघका वन तथा वातावरण सचिवसँग भेटेर विकास निर्माणका काममा वन क्षेत्रले गर्नुपर्ने सहयोगकका बारेमा बताएका छन् । कालिगण्डकी करिडोर, दुम्कीवास त्रिवणी सडक खण्ड वनकै अवरोधका कारण प्रभावित हुँदै आएको छ।

मुख्यमन्त्री पोखरेलल र अर्थमन्त्री बरालले आइतबारै पूर्व प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग भेट गरेका छन् । मुख्यमन्त्री पोखरेल आइतबार कांग्रेस पार्टी कार्यालय सानेपा पुगे । उनीसँग उक्त अवसरमा उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको भेट भएको छ।

## सहिदकै कारण मुलुकमा लोकतान्त्रिक प्रणाली सम्भव : प्रधानमन्त्री

**रासस**
**काठमाडौं, १६ माघ**

प्रधानमन्त्री शेरबहादुर देउवाले सहिदको बलिदानकै कारण आइतबार मुलुकमा सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था सम्भव भएको बताउनुभएको छ।

सहिद सप्ताहको अन्तिम दिन आइतबार लैनचौरस्थित सहिद स्तम्भमा माल्यार्पण गर्दै प्रधानमन्त्री देउवाले व्यक्तिगत स्वार्थ नराखी सहिदले गरेको त्याग र बलिदानका कारण मुलुकमा ठूलो राजनीतिक परिवर्तन सफल भएको बताउनुभयो । सहिदको सपना साकार पार्न सबैले आआफ्नो स्थानबाट योगदान गर्नुपर्ने बताउँदै उहाँले मुलुकमा विधिको शासन र राजनीतिक परिवर्तन पनि सहिदकै कारण सम्भव भएको धारणा राख्नुभयो । सहिदले परिकल्पना गरेअनुसारको समृद्ध राष्ट्र निर्माण गर्न सरकार प्रतिबद्ध रहेको उहाँले स्पष्ट पार्दै सच्चा सहिदको अभिलेख तयार गर्न सम्बन्धीत निकायलाई निर्देशन दिनुभएको छ । प्रधानमन्त्रीले भन्नुभयो, "मुलुकको अबको गन्तव्य भनेको राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै लोकलन्त्र र सङ्घीय शासन प्रणालीलाई बलियो बनाउँदै मुलुकलाई छिटो विकसित राष्ट्र निर्माणतर्फ लाने हो ।" सोही अवसरमा कामपाका प्रमुख विद्यासुन्दर शाक्यले सहिदको योगदानले नै देशमा प्रजातन्त्र स्थापन सम्भव भएको धारणा राख्नुभयो। महामारीका कारण सो कार्यक्रममा गृहमन्त्री बालकृष्ण खाँण, मुख्य सचिव शङ्करदास बैरागीलगायत अन्य केही सीमित उच्चपदस्थ अधिकारी मात्र उपस्थित रहनुभएको थियो । कोरोना महामारीका कारण यस वर्ष प्रभातफेरी कार्यक्रम गरिएन। लैनचौरको सहिद स्मारकमा सङ्क्षिप्त स्मृति कार्यक्रम गरेर सहिद सप्ताहको समापन गरियो। सहिद सप्ताहको पहिलो दिन यही माघ १० गते सीमित व्यक्तिको सहभागितामा शुक्रराज शास्त्रीको शालिकमा पुष्पगुच्छा अर्पण गरिएको थियो । काठमाडौंको टेकु पचलीस्थित सहिद शास्त्रीलाई प्राणदण्ड दिइएको स्थानमा पुगेर कामपाका प्रमुख विद्यासुन्दर शाक्य, उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठसहित पदाधिकारीले पुष्पगुच्छा अर्पण गर्नुभएको हो।

सहिद सप्ताहका अन्य कार्यक्रम यही माघ १३ गते सिफलमा सहिद धर्मभक्त माथेमाको सालिकमा र १५ गते शोभा भगवतीमा गङ्गालाल श्रेष्ठ र दशरथ चन्दको शालिकमा सीमित पदाधिकारी उपस्थित भएर सालिकमा पुष्पगुच्छा अर्पण गरी मनाइयो । कामपाले हरेक वर्ष माघ १० देखि १६ सम्मलाई विभिन्न कार्यक्रम गरी सहिद सप्ताह कार्यक्रम मनाउँदै आएको छ।

## सहिदको सपना साकार पार्न राजनीतिक सहमति जरुरी : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ माघ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरोलले लामो संघर्षपछि संविधानसभामार्फत् बनेको संविधान र त्यसपछि बनेको ३ तहका सरकारलाई अझ प्रभावकारी र जनमुखी बनाउनका लागि आपसी सहमति र सहकार्य नै सबैभन्दा ठूलो शक्ति रहेको बताएका छन्।

सहिद दिवसका अवसरमा आइतबार शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री पोखरेलले सहिदको बलिदानीले प्राप्त राजनीतिक उपलब्धिपछि अबको साझा लक्ष्य आर्थिक समृद्धि रहेको उल्लेख गरेका छन्।

उनले देश जनताका लागि जीवन अर्पण गर्ने ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गगर्दै १ सय ४ वर्षीय जहानीया राणा शासन विरोधी आन्दोलनमा जीवन अर्पण गर्ने ४ सहित विभिन्न कालखण्डमा भएका आन्दोलनमा सहादत प्राप्त गर्ने सहिदहरुका कारण नै अहिले हामीलाई यो राजनीतिक उपलब्धि हासिल भएको बताएका छन् । उनले भनेका छन्, 'उहाँहरु सदा सर्वदा हाम्रो स्मरणमा रहनुहुनेछ । सहिदकै साहसिक कार्य र बलिदानको परिणामस्वरुप लोकतान्त्रिक वातावरणमा हामी निर्धक्क भएर आफ्ना हक अधिकार प्रयोग गर्न पाएका छौं।'

सहिदहरुको बलिदानीपूर्ण संघर्षबाट प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्नु अहिलेको सबैभन्दा ठूलो र महत्वपूर्ण जिम्मेवारी हो रहेको उनको भनाइ छ । सन्देशमा उल्लेख छ, उनले देशमा स्वच्छ राजनीतिक संस्कारको विकास तथा आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने सोचसहित अघि बढ्नु नै सहिदहरुप्रति सच्चा श्रद्धाञ्जली हुन्छ भन्ने विषयलाई सबै राजनीतिक दलले राख्न जरुरी रहेको उल्लेख गरेका छन्।

महान् सहिदहरुको त्याग र बलिदानको कदरका लागि प्रदेश सरकार सदा प्रतिबद्ध रहेको समेत जनाएका छन् । सन्देशमा उल्लेख छ, 'यसका लागि सबै राजनीति दल, नागरिक समाज, निजी क्षेत्रसहित सम्पूर्ण नेपाली एकजुट भएर अगाडि बढ्न यस दिवसले हामी सबैलाई प्रेरणा मिलोस् भन्दै हार्दिक शुभकामना प्रकट गर्दछु।'

## थप तीन हजार ५४० मा संक्रमण पुष्टि

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ माघ**

पछिल्लो २४ घण्टामा थप तीन हजार ५४० जनामा कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका नौ हजार ९१० जनाको पिसिआर परीक्षण गर्दा तीन हजार ४९ र तीन हजार २३५ जनामा र दुई हजार ८८३ एन्टिजेन परीक्षण गर्दा ४९१ जना गरी कूल तीन हजार ५४० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो। हाल देशैभरि ८३ हजार ९९९ सक्रिय सङ्क्रमित छन् भने ६ हजार ३५९ जना सङ्क्रमणमुक्त भएका छन्।

त्यसैगरी यही माघ १३ देखि आजसम्म सङ्क्रमणबाट थप ३२ जनाको मृत्यु भएको छ। पछिल्लो २४ घण्टामा मृत्यु हुने र यसअघिको तथ्याङ्कमा छुटेकासमेत गरी मृतकको सङ्ख्या ३२ पुगेको मन्त्रालयको भनाइ छ। मन्त्रालयका अनुसार वीरेन्द्र सैनिक अस्पतालबाट आइतबारसम्म १२ जनाको मृत्यु भएको र माघ १३ देखि १६ गतेसम्म विभिन्न अस्पतालमा २० जनाको मृत्यु भएको हो।

## अवैध सुनसहित पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ माघ**

प्रहरीले एक किलो आठ ग्राम अवैध सुनसहित एकजनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय, कास्की तथा वडा प्रहरी कार्यालय गगनगौडाबाट खटिएको संयुक्त प्रहरी टोलीले पोखरा महानगरपालिका-३० पावरहाउसमा जाँचका क्रममा रमेश सुनारलाई उक्त परिमाणको सुनसहित पक्राउ गरेको हो। काठमाडौंबाट पोखरातर्फ आउँदै गरेको माइक्रो बसमा सवार पोखरा-१५ रामबजारका २५ वर्षीय रमेशलाई चारपाटे

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मिस तामाङ पोखराको उपाधि मान्सीलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ माघ**



बैदाम तामा तामाङ सेवा समाजको आयोजनामा भएको छैटौं मिस तामाङको उपाधि पोखरा रानीपौवाकी मान्सी तामाङले जितेकी छन् । उनले शनिबार पोखरामा सम्पन्न ग्राण्ड फिनालेमा ९ प्रतियोगीहरुलाई पछि पार्दै बेस्ट स्माइल टाइटल सहित १ लाख पुरस्कार हात पारिन् ।

प्रतियोगितामा मिस अर्गनाइज्डको टाइटल सहित आशिका तामाङ फस्ट रनर अप बनिन् । उनले रु. ५० हजार नगद पुरस्कार प्राप्त गरिन् । यस्तै, सेकेन्ड रनर अप पूजा तामाङ भइन् । उनले ३० हजार रुपैया पुरस्कार प्राप्त गरेका छन् । मिस ट्यालेन्ट सहित भ्युर्यस च्वाइस उपाधि जितेकी पेमा तामाङले २० हजार पुरस्कार प्राप्त गरेकी छिन् । यसैगरी, मिस कन्फिडेन्ड कृस्टि तामाङ, बेस्ट हेयर ऋतिका तामाङ, मिस ग्रेसफुल जीया तामाङ, मिस फोटोजेनिक रेखा तामाङ, मिस पपुलर पूजा तामाङ, बेस्ट वाक मनीषा तामाङ र मिस फ्रेन्डली सिर्जना तामाङ बनिन् ।

प्रतियोगिताको प्रमुख निर्णायक जेसिआई बर्ल्डका पूर्व उपाध्यक्ष राजु केसीले अन्तिम ५ प्रतिस्पर्धीलाई 'जलवायु परिवर्तनले आदिवासी जनजातिलाई परेको प्रभाव' बारेमा लिखित जवाफ सोधेका थिए । जसमा मान्सीको जवाफले निर्णायकको मन जितेको हो । अन्य निर्णायक मिस तामाङ वर्ल्ड-२०२१ स्याङ्डोमा ब्लोन तामाङ र जोन्टा क्लबका उपाध्यक्ष मोनिका थापा थिए ।

बैदाम तामाङ सेवा समाजका अध्यक्ष ज्याक तामाङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल तामाङ घेदुङका पूर्व अध्यक्ष धनप्रसाद तामाङ, नेपाल तामाङ घेदुङ गण्डकीका प्रमुख सल्लाहकार दिपक वाइवा तामाङ, म्युजिक एसोसिएसनका अध्यक्ष मिलन मोक्तान, मिस तामाङ पोखरा २०२० का विजेता शशिकला तामाङ, लगायतले बोलेका थिए । कोरोना प्रभावका कारण आयोजकले भर्चुअल रुपमा कार्यक्रम गरेको हो । आयोजक, प्रतियोगी तथा तिनका आफन्त र केही संघसंस्थाका प्रतिनिधिसहित सिमित दर्शकको उपस्थितिमा लेकसाइडस्थित बिजिबी रिसोर्टमा कार्यक्रम भएको हो । गोर्खा ब्रुअरीले मुख्य प्रायोजनमा गरेको प्रतियोगिताको न्युज नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको थियो ।

कार्यक्रमको सञ्चालन सन्जयकुमार मल्ल, राम लामा, डोल्मा लामा, दिप्ती गोम्जो र निमा लामाले गरेका थिए । मिस तामाङको अघिल्ला संस्करणबाट नीमा लामा, दीप्ति गोम्जा, कविता योञ्जन, कुशुम स्याङ्वो तामाङ र शशिकला तामाङले ताज पहिरिन सफल भइसकेका छन् ।

# रेडियो अन्नपूर्णको गोल्डकप महापण्डित विजेता बने सुवेदी

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ माघ**



रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज पोखराद्धारा आयोजित गोल्डकप महापण्डितको विजेता पोखरा ११ फुलबारीका अजुर्न सुवेदी बन्न सफल भएका छन् । पोखरामा माघ ६ देखि १५ गते सम्म आयोजना भएको २० औं संस्करणको आहा रारा गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत यस पटकको उपाधि कस्ले जित्ला भन्ने प्रश्नमा सहि जवाफ दिने स्रोता मध्यबाट गोलाप्रथाबाट सुवेदी विजेता बनेका हुन् ।

आइतबार रेडियोमा आयोजित एक विशेष कार्यक्रममा उनलाई रेडियोका प्रवन्ध निर्देशक विजेश पालिखे, स्टेशन म्यानेजर सञ्जयकुमार मल्ल, सहारा क्लब पोखराका वरिष्ठ उपाध्यक्ष एवं प्रतियोगिता संयोजक केशबराज बराल, हिमश्री फुड्स प्रालिका बजार सहप्रवन्धक बमबहादुर बराल, वान स्टप इलेक्ट्रोनिक्सका सञ्चालक रविराज भुर्तेल, रेडियोका मार्केटिङ म्यानेजरद्धय नारायण पौडेल र निराजन पौडेलले संयुक्त रुपमा ३२ इन्चको वेगा एलइडी टेलिभिजन र १ काटुर्न रारा चाउचाउ हस्तान्तरण गरेका हुन् । रेडियोले हरेक दिन साँझ ७:४५ देखि ८:१५ सम्म आरा रारा विशेष कार्यक्रम सञ्चालन गरेको थियो । प्रतियोगिता अवधिभर अनुमानित सहि उत्तर दिने स्रोताहरु मध्येबाट हरेक दिन सेभेन बी फोनजोन बुद्धविशालको तर्फबाट १ थान मोबाइल सेट र हिमश्री फुड्स प्रालिद्धारा उत्पादित १ कार्टुन रारा चाउचाउ प्रदान गरेको थियो ।

कार्यक्रममा बोल्दै वान स्टप इलोक्ट्रोनिक्स पोखराका सञ्चालक भुर्तेलले लोकप्रिय रेडियो मार्फत जोडिन पाएको भन्दै खुशी व्यक्त गरे । उनले प्रतियोगिताले रेडियो, आहा रारा र आफूहरुको व्यापार व्यावसायमा प्रवर्द्धन गर्न महत्वपूर्ण भुमिका खेलेको बताए । हिमश्री फुड्सका बजार सहप्रबन्धक बराललले आगामी दिनमा पनि यसलाई निरन्तरता दिइने बताए । सहारा क्लब पोखराका वरिष्ठ उपाध्यक्ष तथा २० औं आरा रारा गोल्डकप फुटबल प्रतियोगिताका संयोजक केशवराज बराललले कोभिडका कारण प्रतियोगिता सञ्चालनमा चुनौति भएपनि प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको र रेडियोकोकार्यक्रमलेप्रतियोगिताको प्रचारप्रसारमा महत्वपूर्ण भूमिका खेलेको बताए । उनले आगामी दिनमा पनि कार्यक्रमलाई निरन्तरता दिइने उल्लेख गरे ।

रेडियोका प्रवन्ध निर्देशक विजेश पालिखेले कार्यक्रममा सहकार्य गर्ने सम्पूर्ण आयोजक तथा प्रयोजकहरुलाई धन्यवाद दिए ।

सहारा क्लब पोखराको आयोजनमा माघ ६ देखि १५ गते सम्म सञ्चालन भएको आरा रारा गोल्डकपमा १० टिमको सहभागिता रहेको थियो । शनिबार भएको मनाङ मर्स्याङदी क्लब र एपीएफ क्लबबिचको खेलमा एपीएफले मनाङलाई टाइब्रेकरमा ५-४ ले हराउँदै पहिलो पटक उपाधि जित्न सफल भएको हो । उपाधि संगै एपीएफले १० लाख १ हजार र उपविजेता मनाङले ५ लाख १ हजार प्राप्त गऱ्यो ।

# हिमाली टोल विकास संस्थाको अध्यक्षमा रमिना

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ माघ**



पोखरा महानगरपालिका वडा नं १३ हिमाली मार्ग स्थित हिमाली टोल बिकास संस्थाको २० औ वार्षिक साधारण सभा तथा १० औ अधिवेशनले रमिना गुरुङ वराललाइ अध्यक्ष पदमा चयन गरेको छ ।

शनिवार भएको अधिवेशनले उपाध्यक्षमा भूमिमाया गुरुङ, सचिवमा अमित सुवेदी, कोषाध्यक्षमा रिना गुरुङ, सहकोषाध्यक्ष शान्ति गुरुङ र सहसचिव मनमाया गुरुङलाइ चयन गरेको छ । त्यसैगरी सदस्हरुमा क्रमश बिष्णुमाया तिवारी, पितकाशी गुरुङ, सुमित्रा बि.क.,सीता नेपाली र तिर्थमाया गुरुङ रहेका छन् । संस्थाको सल्लाहकारमा क्रमश ईन्जिनियर सुब्बा गुरुङ, भूपति आचार्य, क्या. तेजबहादुर गुरुङ, सु. रामबहादुर गुरुङ, रनधोज गुरुङ, सत्यदेवी अधिकारी र बिष्णुमाया कार्की भए । पोखरा वडा नं १३ का वडा अध्यक्ष दर्शना लामाले अधिवेशनको उद्घाटान गरेका थिए । मिलिजुली विजयपुर तमु समाजका अध्यक्ष इन्सेपेक्टर मानकाजी गुरुङ्ले हिमाली टोल विकास सस्थाले गरेका कार्यहरुको प्रशंसा गरे । कार्यक्रममा उपाध्यक्ष भुमिमाया गुरुङ्ले स्वागत र कोषाध्यक्ष रनधोज गुरुङ्ले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा टोल बिकास संस्था को तर्फ बाट ८० बर्ष माथीका बृद्धबृद्धाहरुलाई खादा तथा दोसल्ला ओढाइ सम्मन गरिएको थियो । टोलका सदस्हरुवाट एसइइ, दश जोड दुई र स्नातक तहमा अध्ययन गर्ने भाइ वहिनीलाइ कार्यक्रममा सम्मान गरियो । हिमाली टोल विकास संस्थाका अध्यक्ष तेज बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सचिव ई.सुब्बा गुरुङले संचालन गरेका थिए ।

# 'बैकल्पिक व्यवस्थानपन गरी खेलकुलाई चलायमान बनाउनुपर्छ'

**रासस**
**काठमाडौं, १६ माघ**

नेपाल ओलम्पियन सङ्घले राष्ट्रिय खेलकुद परिषद् (राखेप)को सदस्यसचिवको वैकल्पिक व्यवस्थापन गरी खेलकुदलाई पुनः चलायमान बनाउन माग गरेको छ ।

सङ्घका अध्यक्ष दीपक विष्टले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै सदस्यसचिव विवादको कानुनी रूपमा किनारा नलाग्दासम्म वैकल्पिक व्यवस्था गर्नुपर्ने माग गरेको हो । राखेप सदस्यसचिवको बर्खास्ती र नयाँ नियुक्तिको विषयमा सर्वोच्च अदालतमा परेको रिटको सुनुवाइ समयमा हुन नसक्दा समग्र खेलकुद नै अनिर्णयको बन्दी हुनु पुगेको विज्ञप्तिमा उल्लेख गरेको छ ।

त्यस्तै सङ्घले विज्ञप्तिमा भनेको छ, 'परिषद्ले नियमित कामसमेत गर्न नसकेको अवस्थामा यसलाई नियमित काममा फर्काउनका लागि नेपाल सरकार र सम्बन्धित निकाय युवा तथा खेलकुद मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छौँ । अझै पनि यही यस्तै शून्यताले निरन्तरता पाउने हो भने यसले समग्र खेलकुदमा नै नकारात्मक असर पर्ने पक्का जस्तै छ ।'

खेलकुदको कार्यकारी निकाय राखेप पछिल्लो दुई महिनादेखि ठप्प रहेको र त्यसले समग्रमा खेलकुद, प्रशिक्षक, कर्मचारी सबैको काममा असर परेकाले यो अन्यौलको छिट्टै अन्त्य गरिनुपर्ने मागसमेत सङ्घले गरेको छ । त्यसैगरी 'यसै वर्ष चीनमा आयोजना हुने एसियाली खेलकुदको तयारी, नवौँ राष्ट्रिय खेलकुदको आयोजना, १४औँ दक्षिण एसियाली खेलकुद र अन्य अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारीमा जुट्नुपर्ने समयमा कार्यकारी निकायको प्रमुख सदस्यसचिव नहुँदा दैनिक काममा असर परिरहेको विज्ञप्तिमा भनिएको छ । शेरबहादुर देउवा सरकारले तत्कालीन सदस्यसचिव रमेश सिलवाललाई दुईपटक स्पष्टीकरण सोध्दा चित्त नबुझेको भन्दै कात्तिक १ गते बर्खास्त गरेको थियो । त्यसपछि मन्त्रिपरिषद्ले मङ्सिर १३ गते टङ्कलाल घिसिङलाई नयाँ सदस्यसचिव नियुक्त गरेको थियो ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# स्थानीय तहको निर्वाचन निर्धारित मितिमै हुनुपर्छ- डा कोइराला

**रासस**
**विराटनगर, १६ माघ**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले स्थानीय तहको निर्वाचन समयमै हुनुपर्ने बताउनुभएको छ ।

विराटनगरस्थित कोइराला निवासमा आज बिहान सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले लोकतन्त्रमा अद्यावधिक निर्वाचन मौलिक हक भएकाले यो निर्वाचन कुनै बहानामा सार्न नहुनेमा जोड दिनुभयो ।

उहाँले सरकारले निर्वाचनका विषयमा सिधै निर्वाचन आयोगसँग छलफल गरी टुङ्गो लगाउनुपर्ने तर्क गर्दै ऐन कानून परिवर्तन गरेर निर्वाचन सार्न नहुने विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "गठबन्धन दलसँगभन्दा पनि सरकारले निर्वाचन आयोगसँग छलफल गरेर निर्वाचनको मिति तोक्दा राम्रो हुनेछ ।"

केन्द्रीय सदस्य डा कोइरालाले पार्टीको १४औँ महाधिवेशनमा पराजित भएका वरिष्ठ नेतालाई केन्द्रीय सदस्यमा मनोनीत गर्न नेतृत्वलाई सुझाव पनि दिनुभयो । उहाँले प्रदेश नं १ को नामकरण दलको सहमतिमा हुनुपर्ने भन्दै खर्च बढ्नेगरी मन्त्रालय टुक्र्याउने र मन्त्रीको सङ्ख्या बढाउने कुराले सुशासनमा असर पर्ने धारणा राख्नुभयो ।

देशको आर्थिक अवस्थालाई ध्यानमा राखेर प्रदेश सरकारले आफ्नो सरकार विस्तार गर्नुपर्ने र प्रदेश सरकार पारदर्शी, जवाफदेही र उत्तरदायी हुनुपर्छ भन्नुभयो ।

# अवैध...

बिस्कुट आकारको एक केजी आठ ग्राम सुनसहित पक्राउ गरिएको कास्की प्रहरीका प्रवक्ता प्रनाउ सुन्दर तिवारीले जानकारी दिनुभयो ।

निजका साथबाट विभिन्न बैंकका तीन थान चेकबुकसमेत बरामत गरिएको जनाइएको छ ।

निजलाई पक्राउ गरी अनुसन्धानका लागि राजस्व अनुसन्धान विभाग हरिहर भवन ललितपुर पठाइएको उहाँले जानकारी दिनुभयो ।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरु:**

बाथ रोग: घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

प्यारालाइसिस: शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

ढाड दुख्ने: ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# चुनावका लागि सहमति

लामो समयको छलफलपछि सत्ता गठबन्धन दलहरू स्थानीय तहको निर्वाचन गर्न सहमत भएका छन । स्थानीय तहको निर्वाचन एक वर्षपछि गर्ने गरि कानुन संशोधनको तयारीमा सत्ता गठबन्धन दलहरू लागेका थिए । संघीयताको जग स्थानीय तहको निर्वाचन नगराउने खेलमा लागेका सत्ता गठबन्धनका शिर्ष नेताहरूलाई चौतर्फी दबाबपछि आउँदो जेठमा निर्वाचन गर्न राजी भएका छन । निरन्तरको छलफलपछि शनिबार बसेको गठबन्धनको दोस्रो बैठकले जेठभित्र स्थानीय निर्वाचन गर्न सरकारलाई सुझाव दिने निर्णय गरेको छ । प्रमुख प्रतिपक्षी नेकपा एमाले, मुख्य सत्तारूढ नेपाली कांग्रेस, निर्वाचन आयोग कानुनविद, नागरिक समाज र स्थानीय तहका जनप्रतिनिधिको निरन्तरको दबाबले स्थानीय तहलाई रिक्त नराख्न बैठकले संविधानसँग बाझिने निर्वाचन कानुन संशोधन गर्न समेत सरकारसँग आग्रह गरेको छ ।

'संविधानले स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल निर्वाचित भएको मितिले ५ वर्ष हुने र कार्यकाल सकिएको ६ महिनाभित्र चुनाव गर्नुपर्ने व्यवस्था गरेको छ । ऐन बनाउँदा संविधानसँग बाझिने गरी कार्यकाल सकिनु २ महिनाअघि नै चुनाव हुने उल्लेख भएको छ । ऐनमा भएको त्रुटि सच्याउने र जेठमै स्थानीय निर्वाचन गर्ने विधि उपयुक्त हो भन्नेमा गठबन्धन पुगेको छ । गठबन्धनका केही नेता चुनावमा तालमेल हुने भएकोले चुनावमा जान तयार भएका छन । सरकारले मिति घोषणा नगरेसम्म अब त चुनाव हुन्छ भनेर ढुक्क हुने अवस्था बनेको छैन । २०७४ साल बैशाखमा सम्पन्न पहिलो चरणको स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुको कार्यकाल २०७९ जेठ ५ गते सकिदैछ । सत्तारुढ गठबन्धनमा जेठ ५ पछिमात्रै स्थानीय निर्वाचन गर्ने सहमति बनेको छ । आगामि जेठ ५ मा बागमती, गण्डकी र कर्णाली प्रदेश अन्तर्गत रहेका ३४ जिल्लाका २ सय ८३ स्थानीय तहका जनप्रतिनिधिहरुको कार्यकाल सकिने छ । उनीहरुको कार्यकाल सकिएको हप्ता दसदिनमा स्थानीय निर्वाचन हुने सम्भावना रहेको गठबन्धनका नेताहरु बताउँछन् ।

'जेठ ५ मा केही जनप्रतिनिधिहरुको कार्यकाल सकिन्छ । लामो समय स्थानीय सरकारलाई जनप्रतिनिधिविहीन बनाउन सकिदैन । त्यसैले त्यसको हप्ता दसदिनमा हुनेगरी निर्वाचनको मिति तोकिने संभावना छासरकारले जेठ १५ गते निर्वाचनमुखी बजेट ल्याउने नियत लुकेको छ । जेठ ५ मा रिक्त हुने २ सय ८३ स्थानीय तहमध्ये २०७४ को परिणाम अनुसार नेकपा एमालेले प्रमुख जितेका १ सय २५, नेपाली कांग्रेसले प्रमुख जितेका १ सय ५ र नेकपा माओवादी केन्द्रले प्रमुख जितेका ४६ स्थानीय तह रहेका छन् । राप्रपा, नेमकिपा र राष्ट्रिय जनमोर्चाले १–१ स्थानीय तहको प्रमुख जितेका छन् । स्थानीय तहको निर्वाचनको परिणामले संघीय र प्रदेशको निर्वाचन प्रभावित हुनेछ ।

स्थानीय निर्वाचन जेठमा गर्ने सहमति बनेसँगै सत्तारुढ गठबन्धनले तत्कालका लागि अर्ली इलेक्सनको च्याप्टर क्लोज भएको जनाएको छ । 'सरकार बनाउन नसकेको अवस्थामा बाहेक प्रतिनिधिसभाको कार्यकाल ५ वर्ष हुने सर्वोच्च अदालतको स्पष्ट फैसला भएकोले संसदीय निर्वाचन चाडै गर्ने सम्भावना नरहेको निष्कर्षमा गठबन्धनका सबै नेता पुगेका छन । नेकपा माओवादी, नेकपा एस, जसपा र कांग्रेसकै केही नेताहरु पहिले संसदीय निर्वाचन हुनुपर्ने पक्षमा रहँदै आएका थिए । 'एउटै सरकारमा बसेर स्थानीय निर्वाचनमा एकले अर्कालाई हराउन लागेपछि सरकारको निरन्तरतामा पनि प्रश्न उठ्न सक्छ । त्यसैले चुनावी तालमेलको उपयुक्त मोडलबाट गठबन्धनले उपयुक्त समयमा निर्णय लिने समझदारी बनेकोछ । प्रतिनिधिसभालाई पूरा कार्यकाल सञ्चालन गर्न र संसदीय निर्वाचन सुनिश्चित गर्नपनि स्थानीय निर्वाचनमा तालमेलको सम्भावना भएको हो । त्यसकारण चुनावमा लान देउवाले सहमत गराएका छन ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : सम्मान मिल्नेछ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# अझै केही दिन मौसम सुधार नहुने

रासस
पोखरा, १६ माघ

पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले अझै केही दिन मौसम सुधार नहुने भएको छ। उक्त मौसमी प्रणालीका कारण केही दिन देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली भई केही स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

राती प्रदेश नं १, बागमती, गण्डकी तथा लुम्बिनी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागहरूमा आंशिक बदली रहनाका साथै देशको उच्च पहाडी भू-भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावनासमेत रहेको बताइएको छ । महाशाखाको अनुसार सोमबार प्रदेश नं १, बागमती, गण्डकी तथा लुम्बिनी प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागहरूमा आंशिक बदली रहनेछ।

देशको उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरूमा हल्का हिमपातको सम्भावना रहेको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आइतबार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम तीन दशमलव तीन डिग्री र अधिकतम तापक्रम १६ दशमलव दुई डिग्री सेल्सियस रहेको छ । त्यस्तै आइतबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस तीन दशमलव सात डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम २१ दशमलव ६ डिग्री सेल्सियस रहेको छ।

# प्राविधिक विषयको शिक्षक उत्पादन गर्ने

रासस
पोखरा, १६ माघ

काठमाडौँ विश्वविद्यालयले प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने शिक्षक उत्पादन गर्न 'बिटेक एड' कार्यक्रम सञ्चालन गर्ने भएको छ। सो विश्वविद्यालयले आज भर्चुअल पत्रकार सम्मेलन गरी ब्याचलर इन टेक्निकल एजुकेसन (बिटेकएड) सञ्चालन गर्ने जानकारी दिएको हो।

विश्वविद्यालयका स्कुल अफ एजुकेसनका डीन डा बालचन्द्र लुइँटेलले बिटेकएड कार्यक्रम सञ्चालन गर्न देशभरका तीनवटा क्याम्पसलाई अनुमति दिइएको बताउनुभयो । हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) अन्तर्गत एक हजार १३१ वटा शिक्षालयमा ७० हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । यी विद्यार्थीलाई अध्यापन गराउने इन्स्टक्टर अभाव भएकाले त्यस्तो जनशक्ति उत्पादन गर्न लागिएको उहाँले जानकारी दिनुभयो। उक्त बिटेकएड १३६ क्रेडिट आवरको हुने र चारवर्षे कार्यक्रमका लागि करिब छ लाख शुल्क लाग्नेछ । प्रवेश परीक्षामा सहभागी हुन कक्षा १२ मा भौतिकशास्त्र र गणितलाई मूल विषय बनाए उत्तीर्ण गरेका विद्यार्थी, ९-१२ मा इन्जिनियरिङ पढेका विद्यार्थी सहभागी हुन पाउँछन् । यस विषय अध्ययनका लागि ४ वर्षमा पाँच लाख ७२ हजार शुल्क निर्धारण गरिएको छ । विश्वविद्यालयको सम्बन्धनमा जानकी कलेज अफ प्रोफेसनल स्टडिज, जनकपुरमा आइटी विषयका लागि ३०, सिन्धुली टेक्निकल इन्स्टिच्युटमा आइटीका लागि २० र सिभिलका लागि २० जनाको कोटा निर्धारण गरेको छ।

यस्तै बुटवल टेक्निकल इन्स्टिच्युट रुपन्देहीमा मेकानिकल इन्जिनियरिङतर्फ ३० जना विद्यार्थीले अध्ययन गर्न पाउँछन् । देशभर यस वर्ष सयजना विद्यार्थीले बिटेकएड पढ्न पाउने विश्वविद्यालयले जनाएको छ । सो विषय अध्ययन गर्न चाहने विद्यार्थीका लागि विश्वविद्यालयले आउँदो फेब्रुअरी २१ सम्म फारम खुल्ला गरेको छ।

# आँबुखैरेनीमा इजलास कक्ष सञ्चालन

पोखरापत्र संवाददाता
दमौली, १६ माघ

आँबुखैरेनी गाउँपालिकाले न्यायिक इजलास कक्ष सञ्चालनमा ल्याएको छ।

न्यायिक समितिको कार्यसम्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले गाउँपालिकाले सो कक्ष सञ्चालनमा ल्याएको हो । प्रभावकारी न्याय निरुपणका लागि इजलास कक्ष स्थापना गरिएको न्यायिक समितिका संयोजक एवं गाउँपालिकाका उपाध्यक्ष पुष्पादेवी श्रेष्ठले जानकारी दिनुभयो ।

गाउँपालिकाको पुरानो भवनमा इजलास कक्ष बनाइएको छ। गाउँपालिकाका कार्यालय नयाँ भवनमा स्थानान्तरण भएपछि त्यस ठाउँमा इजलास कक्ष बनाइएको उहाँले बताउनुभयो । इजलास कक्ष नहुँदा यस अगाडि उपाध्यक्षकै कार्यकक्षमा इजलास कक्ष थियो । "कोठाका अभावमा उपाध्यक्षकै कार्यकक्षमा जसोतसो इजलास कक्ष सञ्चालन भइरहेको थियो, यसले सेवा प्रवाहमा कठिनाई हुँदै आएको थियो," उहाँले भन्नुभयो, "छुट्टै इजलास कक्ष बनाएपछि न्याय निरुपणमा सहजता आउने विश्वास लिएका छौं ।"न्यायिक समितिले प्रत्येक हप्ताको शुक्रबार न्यायिक समितिको बैठक सञ्चालन गर्ने गरेको छ।

उक्त बैठकमा समितिमा परेका विवादको निरुपण गर्ने गरिएको छ। समितिमा विशेष गरी जग्गा विवाद, झैझगडा, श्रीमान् श्रीमतीबीचको हिंसाका घटनासम्बन्धी मुद्दा दर्ता हुने गरेको छ।

स्थानीय शासन ऐन २०७४ बमोजिम गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति गठन भएको छ। उक्त समितिमा चार सदस्य र एक परामर्शदाता रहनुभएको छ।

# डा हर्क गुरुङ उद्यान निर्माणका लागि सहयोग

पोखरापत्र संवाददाता
लमजुङ, १६ माघ

भूगोलविद् डा हर्क गुरुङको जन्मगाउँ मर्स्याङ्दी गाउँपालिका-७ मा 'डा हर्क गुरुङ उद्यान' निर्माण हुने भएको छ। यसका लागि ल्हेंगे तमु समाज बेलायतले डा हर्क गुरुङ प्रतिष्ठानलाई रु आठ लाख सहयोग गरेको छ।

समाज संस्थापक अध्यक्ष मेजर खुसीमान गुरुङ र उहाँकी धर्मपत्नी मञ्जु ले मर्स्याङ्दी -७ का वडाध्यक्ष युवा घलेलाई शनिबार सो रकम हस्तान्तरण गर्नुभयो । उद्यान निर्माणका लागि आगामी दिनमा समेत सहयोग गर्ने अध्यक्ष गुरुङले जानकारी दिनुभयो। तत्कालिन संविधानसभा सदस्य तथा सो उद्यानका संरक्षक जमिन्द्रमान घलेले उद्यान निर्माणका लागि सहयोग गर्न सबैसँग आग्रह गर्नुभयो।

प्रतिष्ठानका अध्यक्ष तिलबहादुर गुरुङले उद्यानसँगै अन्य संरचना निर्माणका लागि करिब रु ६० लाख लाग्ने अनुमान रहेको बताउनुभयो । पुस्ताकालय, शालिक, सङ्ग्राहलय, सामग्री प्रदर्शन कक्ष, सभाहल, फूल बगैँचा, मौलिक गुरुङ घरलगायतका संरचना तथा उद्यान निर्माण गर्ने प्रतिष्ठानले जनाएको छ।

मर्स्याङ्दी -७ तराँचे ताङलीचोकमा विसं १९९५ पुस २१ गते डा गुरुङ जन्म भएको थियो। विश्व वन्यजन्तु कोष नेपालले आयोजना गरेको कञ्चनजङ्घा संरक्षण क्षेत्र आयोजना स्थानीय समुदायलाई हस्तान्तरण गर्ने कार्यक्रममा भाग लिएर फर्कने क्रममा विसं २०६३ असोज ७ गते हेलिकोप्टर दुर्घटना हुँदा उहाँ सहित २४ जनाको निधन भएको थियो।

# कालोपत्र सडक 'भाइरल'

पोखरापत्र संवाददाता
दमौली, १६ माघ

ऐतिहासिकस्थल व्यास नगरपालिका-११ तनहुँसुरमा हालै मात्र कालोपत्र सम्पन्न भएको सडक 'भाइरल' बनेको छ । सडकको बीच भागमा रहेको रुखलाई संरक्षण गरेर कालोपत्र गरिएको सडकले केही समययता चर्चा कमाएको छ।

सामाजिक सञ्जालमा उक्त सडकले चर्चा कमाएसँगै तनहुँसुर पुग्ने सर्वसाधारणको सङ्ख्या बढेको छ। सडककै कारण यतिबेला तनहुँसुरमा आन्तरिक पर्यटकको चहलपहल बढेको स्थानीयवासीसमेत रहनुभएका व्यास-११ का वडाध्यक्ष सञ्जय श्रेष्ठले जानकारी दिनुभयो।

"शनिबार मात्र तनहुँसुरमा दुई हजारभन्दा बढी पर्यटकको आगमन रह्यो, केही समयदेखि ओझेलमा परेको तनहुँसुर विस्तारै चर्चामा आउन थाल्यो", उहाँले भन्नुभयो।

तनहुँसुरसम्म पुग्ने खड्गकाली मोटरमार्ग सङ्घीय सरकार र व्यास नगरपालिकाको साझेदारीमा कालोपत्र गरिएको छ । उक्त मोटरमार्गको ५.६ किलोमिटर खण्डमा कालोपत्र, पक्की नाला, ग्याबिन जाली र वाल निर्माण कार्य पूरा भएको हो । अब ऐतिहासिक तनहुँसुर दरबारसम्म पुग्न करिब साढे दुई किलोमिटर सडक कालोपत्र हुन बाँकी रहेको छ । हाल व्यास नगरपालिका-११ को रातमाटाबाट ढाँडखोलेसम्म कालोपत्र भएको छ । कूल रु १० करोडको इष्टमेट भए पनि बोलपत्र प्रक्रियामार्फत ऋषि शक्ति जेभीले रु सात करोड ५१ लाखमा कालोपत्र र पक्की नाला निर्माण गरेको हो।

उक्त योजना कार्यान्वयनका लागि सङ्घीय सरकारले ५० प्रतिशत र व्यास नगरपालिकाले ५० प्रतिशत बजेट उपलब्ध गराएको थियो । कालोपत्र सडकमार्फत अब तनहुँसुर दरबार दमौलीबाट आधा घण्टामा पुग्न सकिन्छ। उक्त सडकको योजना छनोटका लागि तनहुँ क्षेत्र नं १ का तत्कालीन एमाले सांसद तथा वर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठको सहयोग रहेको छ।

# कुष्ठरोगीलाई अझै समाजको डर

-नारायण अधिकारी
चितवन, १६ माघ (रासस)

भरतपुर महानगरपालिका-५ की ४९ वर्षीया एक कुष्ठरोगी महिला अहिले पनि आफूलाई रोग भएको कुरा गोप्य राख्न बाध्य हुनुभएको छ। उहाँका दुई छोरी र नातिनी कुष्ठरोगी हुन् । उहाँसहित दुई छोरीले दुई वर्षयता औषधि खाँदैछन् भने नातिनीले छ महिनादेखि औषधि खान थालेकी छिन्।

कान्छी छोरीले भरतपुर अस्पतालमा परीक्षण गराएर औषधि खाएकी हुन् भने अन्य सबैले पोखरामा परीक्षण गराएर नियमित औषधि खान थालेका हुन्। उहाँले भन्नुभयो, "घर यहाँ भए पनि स्वास्थ्य परीक्षण र औषधि लिन हामी टाढा जाने गरेका छौं ।" नियमित औषधि पनि भरतपुरमा नगई गीतानगर जाने गरेको उहाँले बताउनुभयो।

समाजको डर देखाउँदै उहाँले थप्नुभयो, "छोराछोरीको विवाह गर्नुछ, कसैले थाहा पाए भने भने सधैं मलाई पिरलो हुन्छ।" गाउँमा लाटो फुस्रो दाग देखिएकालाई कुष्ठरोग परीक्षण गर्न जान सुझाउने भए पनि आफू र परिवारलाई भएको समस्याका बारेमास्वास्थ्यकर्मीबाहेकअरुलाई नभनेको उहाँले बताउनुभयो। नाम गोप्य राख्न अनुरोध गर्दै उहाँले भन्नुभयो, "अहिले औषधि खाँदा पनि समस्या आइरहन्छ, सुनेको छु, अब विस्तारै सधैँका लागि निको हुन्छ रे।"

नौ वर्षीया नातिनीलाई समस्या देखिएपछि आफूलाई चिन्ता थपिएको उहाँको भनाइ छ। चिकित्सक स्वास्थ्यकर्मीले निको हुन्छ भनेकाले आफू ढुक्क रहेको उहाँको भनाइ छ । सङ्क्रमण देखिएकालाई बेलाबेलामा शरीरका ठाउँठाउँमा गाँठागुँठीसहितको घाउ आउने गरेको छ। औषधि खाएपछि निको हुने गरेको उहाँ बताउनुहुन्छ।

रोगबाट क्षति व्होर्नु नपरोस् भनेर सधैँ आफू स्थानीयलाई जनचेतना जगाउने काममा सक्रियरुपमा लागेको उहाँ बताउनुहुन्छ । भरतपुर महानगरपालिका-१० का ५५ वर्षीय एक पुरुष पेसाले श्रमिक हुनुहुन्छ । उहाँको हातको तीन वटा औँला कुष्ठरोगले गर्दा झरेको छ। ज्याला मजदुरी गर्ने उहाँलाई काम गर्ने ठाउँमा हेयको दृष्टिकोणले हेर्ने गरेको अनुभव छ । उहाँले भन्नुभयो, "जहाँ काम गर्न गयो, मानिस नजिक पर्न खोज्दैनन् ।" श्रीमती र दुई छोराछोरी ज्याला, मजदुरी गरेर पाल्दै आएको बताउने उहाँले परिवारका अन्य सदस्यलाई भने रोग नसरेको बताउनुभयो । समयमा उपचार नगराउँदा आफूले तीन वटा औँला गुमाउनु परेको बताउँदै उहाँले भन्नुभयो, "लाटो फुस्रो दाग देखिनेबित्तिकै परीक्षण गर्नुपर्ने रहेछ। मैले ढिलो गरेँ।" तीन वटा औँला गुमाएको भए पनि नियमित काम भने गरिरहेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "औषधि खान थालेपछि काम भने गरिरहेको छु।" सबैलाई रोगका बारेमा नभनेको भन्दै उहाँले रोग थाहा पाउनेले हेर्ने दृष्टिकोण राम्रो नहुने गरेको बताउनुभयो। स्वास्थ्य कार्यालय चितवनका प्रमुख दिपक तिवारीले रोगका बारेमा सबैलाई जानकारी हुने गरी सन्देश प्रवाह गरिरहेको बताउनुभयो। नियमित उपचारबाट कुष्ठरोग पूर्णरुपमा निको हुने र एकमात्रा बहुऔषधि सेवन गरेपछि ९९.९ प्रतिशत किटाणु निष्क्रिय भई अरुलाई नसर्ने उहाँले बताउनुभयो। कुष्ठरोगको औषधि सरकारी स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ । तिवारीले औषधि खाएकाबाट रोग नसर्ने भएकाले समाजले उहाँहरुप्रति सम्मानजनक व्यवहार गर्नुपर्ने बताउनुभयो । आफ्नो गाउँ समाजमा कुष्ठरोग लागेको शङ्का लागेमा तुरुन्त परीक्षण गरी औषधि खाने व्यवस्था गर्न उहाँले सबैमा आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले पनि विभिन्न शिविरमार्फत खोजी जारी राखेका छौँ, सबै मिलेर रोगलाई निर्मूल पार्नुपर्छ।"

भरतपुर महानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख दिपक सुवेदीले कुष्ठरोग भएका र निको भएकाको परिवार एवं नजिक रहेर काम गरेकालाई औषधि खुवाउने काम भइरहेको बताउनुभयो। विसं २०५१ देखि हालसम्म एक हजार ७९१ जनामा सङ्क्रमण भएको तथ्याङ्क छ। तिनीहरुको परिवार र सम्पर्कमा आएकाको खोजी गरी औषधि खुवाउने काम भइरहेको उहाँले जानकारी दिनुभयो । स्वास्थ्य कार्यालय चितवनका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीले हाल जिल्लामा ४६ जनाले नियमित औषधि खाइरहेको जानकारी दिनुभयो । जसमध्ये २० जना नयाँ थपिएका हुन्। गत आर्थिक वर्षमा ४५ जना नयाँ रोगी थपिएका थिए।

यसैबीच कार्यालयले एक संक्षिप्त कार्यक्रम आयोजना गरी सङ्क्रमितलाई पौष्टिक खानेकुरा वितरण गरेको छ। सो अवसरमा पौष्टिक खानेकुराका साथै मास्क, सेनिटाइजर र साबुन वितरण गरिएको थियो । सो अवसरमा छ जनालाई ती सामग्री वितरण गरियो । जिल्लाका सबै सङ्क्रमितलाई पालिकामार्फत पौष्टिक खानेकुरा पुऱ्याइने कार्यक्रम रहेको छ।

# मङ्गलामा २१ लाखको सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १६ माघ**

मङ्गला गाउँपालिका-३ भेडाबारी र भोर्लेनीका किसानले सुन्तला बिक्री गरी रु २१ लाख आम्दानी गरेका छन् ।

बीस परिवारको बसोबास रहेको दुवै बस्तीको मुख्य आयस्रोत सुन्तलाखेती बनेको छ । भेडाबारीका अगुवा किसान ओम गिरीले यसपाली झण्डै तीस हजार किलो सुन्तला बिक्री भएको जानकारी दिनुभयो । "पोखराका व्यापारीले बगैँचाबाटै सुन्तला खरिद गरेर लगे," उहाँले भन्नुभयो, "सरदर रु ७० प्रतिकिलोका दरले सुन्तला बिक्री भयो ।" एउटा परिवारले सरदर रु एक लाखभन्दा बढी आम्दानी गरेको उहाँले बताउनुभयो ।

गत वर्ष रु १५ लाख बराबरको सुन्तला बिक्री भएको थियो । अन्यत्रको सुन्तला बिक्री भइसकेपछि माघको दोस्रो हप्तादेखि भेडाबारीको सुन्तला टिपेर बजार पठाउन थालिएको थियो । पाँच मुरी कोदो फल्ने बारीमा सुन्तलाखेती गरेर वार्षिक रु तीन लाखसम्म आम्दानी गर्दो गरेको बेम गिरीले बताउनुभयो । "अन्नबालीभन्दा सुन्तलाबाट धेरै फाइदा छ," उहाँले भन्नुभयो, "त्यही भएर मकै र कोदो लगाउन छाडेर सुन्तला लगाएका छौँ ।" उपयुक्त हावापानी र अनुकूल भूगोल भएकाले भेडाबारीमा सुन्तला खेती फस्टाएको हो । नयाँ बिरुवा थपिने क्रमसँगै बर्सेनि उत्पादन पनि बढेको छ । किसानले न्यूनतम एक सयदेखि ५०० बोटसम्म सुन्तलाखेती गरेका छन् । उनीहरुले बगैँचाभित्र तरकारी, अदुवा र बेसारखेती गरेर अतिरिक्त आम्दानी पनि गरिरहेका छन् । सिँचाइ र सडक यातायातको समस्या भेडाबारी र भोर्लेनीको सुन्तला खेतीका लागि चुनौति बनेको छ । सुन्तला बिक्री र आवतजावतका लागि पोक हुँदै भेडाबारीसम्म निर्माण गरिएको सडक स्तरोन्नति हुनसकेको छैन् । भेडाबारीबाट सातबिसेसम्म गाडीमा ल्याएको सुन्तला म्याग्दी खोलामा पुल नभएकाले भरियामार्फत तोराखेतमा तारेर त्यहाँबाट गाडीमा राखेर बजार पठाउने गरिएको छ । सुन्तला बगैँचामा सिँचाइ गर्न समस्या छ । लामो सुख्खा र खडेरीसँगै सुन्तला खेतीमा सिँचाइ पुऱ्याउन समस्या भएको स्थानीय गणेश गिरीले बताउनुभयो । बाबियाचौरको माटेबगर र अर्मनको पोक जोड्ने मोटरेबल पुल निर्माण सम्पन्न गराउन पहल तथा समूहमार्फत भोर्लेनी र भेडाबारीमा सिँचाइ आयोजना निर्माणको तयारी भएको गाउँपालिकाका उपाध्यक्ष सिर्जना केसीले बताउनुभयो ।

# 'विदेशमाजस्तो दुःख गरे स्वदेशमा मनग्य आम्दानी गर्न सकिन्छ'

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १६ माघ**

गाउँ छाडेर जापान जाने गलकोटे युवाहरूको जमातका बीच एक युवाले जापानको बसाइ छोट्याएर गाउँ फर्केर बाख्रापालनमा लाग्नुभएको छ । गलकोट नगरपालिका-५ भैँसे बाँसबारीका रमेश बस्नेत आठ वर्षको जापान बसाइ टुङ्ग्याएर बाख्रापालन व्यवसाय थाल्नुभएको हो ।

गाउँका युवाको लहैलहैमा जापान पुगेका उहाँ अहिले पसन गाउँमै फर्केर पेशा व्यवसायमा रमाउन थाल्नुभएको हो । आठ वर्ष अगाडि विद्यार्थी भिसामा जापान पुग्नुभएका उहाँले त्यहाँ विभिन्न दुःखकष्ट सहनुपऱ्यो । विदेशमा निकै दुःख गर्नुभएका उहाँले अहिले गलकोट-९ गल्याङमा व्यावसायिक बाख्रापालन सुरु गर्नुभएको छ । उहाँले व्यवस्थित खोर बनाएर अहिले माउ बाख्रा र पाठापाठीको व्यवस्थापन गर्दै हुनुहुन्छ । व्यवसायी बस्नेतले प्रविधिक शिक्षा हासिल गरे पनि पेशा भने किसानको अँगाल्नुभएको छ । पोखरा इञ्जीनियरिङ कलेजबाट डिप्लोमा इञ्जीनियरिङ अध्ययन गर्नुभएका उहाँले पढाइ र पेशा भन्ने विषय फरक भएको बताउनुहुन्छ । "पढाइ र पेशा भन्ने विषय हाम्रोजस्तो मुलुकमा नितान्तफरकछ,पढाइअनुसारको जागिरको ग्यारेन्टी छैन, दुःख गरेर पढ्यो, कि त विदेशिनुपर्छ कि अरु कुनै पेशा समात्नु पर्छ", उहाँले भन्नुभयो, "म इञ्जीनियर हुँ, यसअनुसारको जागिर पाउन मुस्किल पर्छ ।" उहाँले गल्याङगाउँमा रु ६० लाख लगानीबाट बोयरजातका बाख्रापालन व्यवसाय सुरु गर्नुभएको छ । उहाँको फार्ममा अहिले साना-ठूला गरी ३३ बाख्रा छन् । बाख्रापालनमा भविष्य खोजिरहनुभएका ३२ वर्षीय बस्नेत डिप्लोमा इञ्जीनियरिङ अध्ययनपश्चात विदेश जानुभएको थियो । फार्म स्थापना गरेको ठाउँ बाख्रापालनका लागि अति उपयुक्त छ र घाँसपातको राम्रो व्यवस्था भएको उहाँको भनाइ छ । उहाँले भन्नुहुन्छ "विदेशमाजस्तो दुःख गाउँ गरे यहाँ पनि मनग्य आम्दानी गर्न सकिन्छ ।" बताउनुहुन्छ । व्यवसायी बस्नेतले आफू सुरुमा साथीहरूको लहलहैमा लागेर जापान गएको जनाउँदै अब आफू गाउँमै उद्यमी बन्ने बताउनुहुन्छ ।

# सडक बनाउँदा भत्किँदै सिँचाइ र खानेपानीका योजना

**पोखरापत्र संवाददाता**
**बागलुङ, १६ माघ**

जैमिनी नगरपालिका-७ जैदीको चौरगाउँमा सडक पुऱ्याउन चालू आर्थिक वर्षमा रु चार लाख विनियोजन गरिएको छ । उक्त सडक निर्माण हुँदा केही परिवारको घरसम्मै गाडी पुग्छ । मेसिन लगाउँदा कच्ची सडक निर्माणका लागि बजेट पर्याप्त हुन्छ तर यो सडकले पुरिने सिँचाइ कुलोबारे भने कसैले सोचेको छैन् ।

सडक निर्माण गर्दा चौरमा रहेको खेतमा पुऱ्याएको सिँचाइ कुलो भत्किन्छ । दुई सय वर्ष पुरानो यो कुलो केही वर्षअघि रु १५ लाख बढी खर्चेर पक्की बनाइएको थियो । रु चार लाख खर्चेर सडक बनाउँदा रु १५ लाखमा बनेको संरचना भत्किने विषयमा कसैको चासो छैन् ।

'चार सय मुरी धान फल्ने खेत भन्ने चलन थियो, यहाँ सिँचाइ पहिलेदेखि नै रहेकाले धानको उत्पादन पर्याप्त हुन्छ" जैमिनी नगरपालिकाका प्रमुख इन्द्रराज पौडेल भन्नुहुन्छ- "एउटा संरचना बनाउँदा अर्को बनेको संरचना बिग्रिने घटना धेरै छन् ।" पौडेल चौरगाउँका स्थानीयवासीसमेत हुनुहुन्छ ।

यो समस्या जिल्लाका अधिकांश विकासे काममा देखिन्छ । सबैभन्दा बढी सडक बनाउँदा सिँचाइ र खानेपानीका संरचनामा क्षति हुने गरेको छ । बागलुङ नगरपालिका-१२ अमलाचौरको गिठेदेखि पात्लेखेत जाने सडक बनाउँदा बिग्रिएका जैमिनी नगरपालिका-१ कुश्मीशेराका चार खानेपानी आयोजना डेढवर्ष हुँदासमेत पुनःनिर्माण हुनसकेका छैनन् । करोडौँ रुपैयाँ खर्चेर बनाइएका खानेपानीका योजना रु ७५ लाखमा निर्माण भएको कच्ची सडकले तहसनहस बनाएको हो ।

जैमिनीको मुकाम कुश्मीशेरा बजारदेखि कालीगण्डकी करिडोर पुग्ने सडकको स्तरोन्नति गर्दा कुश्मीशेरा बजारको खानेपानीमा क्षति पुगेको छ । सैनिक टोल र नगरपालिकाको कार्यालयसमेत रहेको क्षेत्रमा विस्तार गरिएको पानी सडक बनाउँदा क्षति पुगेपछि खानेपानीको अभाव छ । "एउटा काम गर्दा अर्को काम बिगार्ने परिपाटी अन्त्य हुनुपर्छ, सडक बनाउँदा अरु बिग्रिने केही छ छैन भनेर हेर्नुपर्छ", कुश्मीशेरा बजार व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका सैनिक टोलका पदमबहादुर श्रीषले भन्नुभयो, "बाटोले खानेपानीको योजना विगार्छ, दुःख हामीलाई हुन्छ ।" कुश्मीशेरा बजारदेखि कान्लेहुँदै दमेक पुग्ने सडक प्रदेश सरकारले स्तरोन्नति गरेको हो । त्यहाँ पनि खानेपानीको योजना भत्किएपछि उपभोक्ता समितिका अध्यक्षनै खानेपानीको पाइप माग्न नगरपालिकामा पुग्नुभयो । "योजनाबाटै मर्मत गर्न स्रोत छैन्, स्टिमेटभन्दा बाहिर काम गर्न मिल्दैन", उपभोक्ता समितिका अध्यक्ष छायाँदत्त चापागाईं भन्नुहुन्छ,"पाइप मागेर मर्मत गर्न उपभोक्ता नै कस्सिए, नभए पानी खान पाईंदैन् ।"

पहिल्यै बनाइएका संरचना नयाँ बनाउँदा क्षति पुगे पछिल्लो योजनाबाट मर्मत गर्नुपर्छ । तर उपभोक्ता समितिमार्फत हुने अधिकांश काममा क्षति पुग्ने संरचनाको स्टिमेट नहुने र स्टिमेट अनुसारका काम मात्रै गर्दा मर्मतका लागि खर्चको अभाव हुने गरेको गुनासो मात्र सुन्न पाइन्छ ।

# तीन पालिकामा बल्ल अस्पतालको भवन निर्माण सुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १६ माघ**

म्याग्दीका तीन स्थानीय तहमा बल्ल अस्पतालको भवन निर्माण सुरुआत भएको छ । जग्गा व्यवस्थापन, प्राविधिक तयारी र ठेक्का प्रक्रिया पूरा गरेर मङ्गला गाउँपालिकाको अर्मन हाडेभिरमा १०, अन्नपूर्ण गाउँपालिकाको दोबा र धवलागिरि गाउँपालिकाको ताकममा पाँच-पाँच शय्या क्षमताको अस्पतालको भवन बनाउन थालिएको हो ।

रघुगङ्गा गाउँपालिकाको वडा नं १ बेगमा अस्पताल भवन बनाउने गाउँसभाको बहुमतका आधारमा निर्णय भएको एक वर्ष बिते पनि काम सुरु भएको छैन । मङ्गलाको ३५ कोठे दुईवटा भवन बनाउन रु नौ करोड ११ लाख आठ हजार ७२९ मा ठेक्का सम्झौता गरेको ओमबुद्ध इन्टरनेशनल कन्ट्रक्शनले जग्गा ब्यवस्थापनको काम सुरु गरेको छ । गाउँपालिकाका इञ्जीनियर सुजन पौडेलका अनुसार विसं २०७८ असार ९ गते ठेक्का सम्झौता भएको थियो । आगामी २०८० असार ९ गतेभित्र दुईवटा भवन निर्माण सम्पन्न गर्ने लक्ष्य छ । अन्नपूर्णको भवन निर्माणका लागि रबिना-अमित जेभीले विसं २०७८ वैशाख १७ गते रु पाँच करोड १२ लाख ६० हजार ६५२ मा ठेक्का सम्झौता गरेको थियो । अन्नपूर्ण गाउँपालिकाका इञ्जीनियर ईश्वरबहादुर भण्डारीले विसं २०७९ असोजमा दुईतले भवन निर्माण सम्पन्न गर्ने सम्झौता भएको बताउनुभयो ।

रु चार करोड ७९ लाख ४० हजार ३३४ मा धवलागिरिको ताकममा पाँच शय्या क्षमताको अस्पतालको १६ कोठे दुईतले भवन बनाउने ठेक्का लिएको बिएम-आइएस-एसी जेभी बुर्तिबाङ बागलुङ्ले डिपिसी लेबलको ढलान सकेको छ । धवलागिरि गाउँपालिकाका इञ्जीनियर सोबिन जिसीले २०७९ असार १५ गतेभित्र दुईतले १६ कोठे भवन निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको बताउनुभयो । आकस्मिक, अन्तर ङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डारण, उपचारका लागि छुट्टाछुट्टै कक्षसहितको भूकम्प प्रतिरोधी क्षमताको सबै भवन अपाङ्मैत्री हुनेछन् । भवन निर्माण भएपछि ग्रामीण क्षेत्रमा सुविधासम्पन्न अस्पताल सञ्चालन गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने जनप्रतिनिधिहरूले बताएका छन् । मालिकाको केन्द्र दरबाङमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालमा स्तरोन्नति गर्ने तयारी भएको छ । सदरमुकामस्थित बेनी नगरपालिकामा जिल्ला ५० शय्या क्षमताको बेनी अस्पताल छ । प्रदेश सरकारमातहतको सो अस्पतालको सङ्घीय सरकारले ५० शय्या क्षमताको भवन निर्माण सुरु गरेको चार वर्षसम्म पनि पूरा भएको छैन ।

# पशुपतिमा अतिक्रमित टहरा हटाउन मन्त्री आलेको निर्देशन

**रासस**
**काठमाडौं, १६ माघ**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले पशुपतिनाथ मन्दिर क्षेत्रमा अतिक्रमण गरी निर्माण गरिएका टहराहरू हटाउन निर्देशन दिनुभएको छ ।

आइतबार उक्त क्षेत्रको निरीक्षण तथा अनुगमनमा जानुभएका मन्त्री आलेले पशुपतिनाथ क्षेत्रमा रहेका सरकारी जमिन अतिक्रमण गरी निर्माण गरिएका टहराहरू १५ दिनभित्र हटाउन निर्देशन दिनुभएको हो । उहाँले भन्नुभयो, "गुहेश्वरीमा थुप्रै ठाउँमा टहराहरू बनाएर कब्जा गर्ने र अतिक्रमण गर्ने काम भएको छ, यहाँ बनाइएका टहरा हटाउन निर्देशन दिएको छु, अतिक्रमण गर्न पाइँदैन ।"

यसैगरी मन्त्री आलेले पशुपति क्षेत्र विकास कोषको हाताभित्र थुप्रै विकृति भएका र विगतमा सदस्य सचिव भएकाहरूले मनपरी ढङ्गबाट काम गरेका तथा विकास कोषमा कुनै पनि मासिक भाडा नआउने गरी निःशुल्क रूपमा गाईपालनका लागि जमिन दिएको पाइएकाले ती विकृतिको अन्त्य गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "पशुपति क्षेत्र विकास कोषबाट अनुमोदन नै नगरी कतिपय ठाउँ र जमिन भाडामा दिइएको देखियो, यस्ता विकृति अन्त्य हुन्छ ।" पशुपति क्षेत्र विकास कोषको हाताभित्र रहेका क्रियापुत्री बस्ने ठाउँलाई व्यवस्थित गर्नका लागि पहल भइरहेको समेत मन्त्री आलेले अनुगमनका क्रममा जानकारी दिनुभयो ।

क्रियापुत्री बस्ने ठाउँमा तातो, चिसो पानीको व्यवस्थापन हुने मन्त्री आलेले दाबी गर्नुभयो । यसैगरी मन्त्री आलेले गोठाटारमा रहेको जग्गा पनि अतिक्रमण भएकाले त्यो पनि १५ दिनभित्र हटाइने जानकारी दिनुभयो । पशुपति मन्दिर क्षेत्रमा जम्मा हुने फोहोरहरू व्यवस्थापनका लागि काम अगाडि बढाउनसमेत मन्त्री आलेलेकोषकापदाधिकारीहरूलाई निर्देशन दिनुभएको थियो ।

# तीन स्रष्टालाई विसं २०७८ को भैरव पुरस्कार

**रासस**
**काठमाडौं, १६ माघ**

नेपाली साहित्यका विराट प्रतिभा एवं हास्य व्यङ्ग्यकार भैरव अर्यालको स्मृतिमा स्थापित पुरस्कारबाट यसवर्ष तीन जना स्रष्टालाई सम्मान गरिने भैरव पुरस्कार गुठीले जनाएको छ ।

जसअनुसार २०७८ सालको भैरव पुरस्कार व्यङ्ग्यकार नरनाथ लुइँटेललाई प्रदान गरिने छ । यो पुरस्कारको राशि रु एक लाख ११ हजार १११ रहेको छ । पहिलो पटक यसै वर्षदेखि घोषणा गरिएको भैरव वाङ्मय पुरस्कार संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगलाई प्रदान गरिने गुठीले जनाएको छ ।

पुरस्कारको राशि रु एक लाख एक हजार १११ रहेको छ । नेपाली कला, साहित्य, संस्कृति, सङ्गीत, पत्रकारिता लगायतको क्षेत्रमा विशिष्ट योगदान दिने स्रष्टालाई अब वर्षेनि यो पुरस्कार प्रदान गरिने गुठीका अध्यक्ष रोचक घिमिरले जानकारी दिनुभयो ।

त्यस्तै रु ५५ हजार ५५५ रुपैया राशिको भैरव प्रतिभा पुरस्कार साहित्यकार बिमल भौकाजीलाई प्रदान गरिने भएको छ । पुरस्कार प्राप्तकर्ताको नाम छनोट गर्न गुठीले व्यङ्ग्यकार लक्ष्मण गाम्नागेको संयोजकत्वमा साहित्यकार श्रीओम श्रेष्ठ रोदन र युवराज मैनाली सदस्य रहनुभएको समिति गठन गरेको थियो ।

कोभिड-१९ को कहर कम हुने वित्तिकै औपचारिक कार्यक्रम गरी पुरस्कार प्रदान गरिने गुठीका सचिव वसन्त रिजालले जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १५ नयाँगाउँ, नागबेलीमार्ग सृजनशील टोल विकास संस्था जनहित मार्ग बाटोमा पि.सि.सि. ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः नागबेलीमार्ग सृजनशील टोल विकास संस्था जनहित मार्ग बाटोमा पि.सि.सि. ढलान गर्ने काम, पोखरा १५ नयाँगाउँ**
**योजनाको कुल लागत रकमः रु. १०,८०,३७९.०७**
**भौतिक पुर्वाधार विकास कार्यालय कास्कीको स्विकृत बार्षिक बजेटबाट : रु. १०,००,०००/-**
**उपभोक्ताबाट जनसहभागिता गरेको : रु. १,२५,०००/-**
**योजना सम्झौता मितिः २०७८/०८/१२ गते**
**योजना सुरु गरेको मितिः २०७८/०८/२७ गते**
**योजना सम्पन्न भएको मिति :२०७८/१०/०१ गते**
**बाटोको लम्बाईः ४२.१० ह ५.७० चौडाई बाटोको लम्बाईः ५१ ह ७ चौडाई बाटोको कुल लम्बाई : ९३.१० मिटर**
**बाटो निर्माण उपभोक्ता समितिका अध्यक्षः केमबहादुर गुरुङ**
**उपाध्यक्षः चम्पादेवी रानाभाट, कोषाअध्यक्ष क्या. लक्ष्मान गुरुङ**
**सचिवः सु.रुद्र बहादुर क्षेत्री उपभोक्ता समितिमा पुरुष संख्या ४ महिला संख्या ४ गरी जम्मा ८ जना**

**नागबेलीमार्ग सृजनशील टोल विकास संस्था**
**जनहित मार्ग उपभोक्ता समिति पोखरा-१५ नयाँगाउँ**


# जाडोबाट जोगिन अपनाइने कार्यप्रति सावधानी अपनाउन अनुरोध

**रासस**
**काठमाडौं, १६ माघ**

महानगरीय प्रहरी परिसरले चिसोबाट जोगिन अपनाइने कार्यमा लापरबाही हुँदा ज्यानै जानसक्ने भएकाले विशेष सावधानी अपनाउने अनुरोध गरेको छ ।

परिसरले आइतबार एक सूचना जारी गरी चिसो बढिरहेको समयमा यसबाट जोगिन प्रयोग गरिने हिटर, कोइलालगायतका सामग्री प्रयोग गर्दा कोठामा अक्सिजन नष्ट हुनाका साथै कार्बन मोनोअक्साइडसमेत बनेर मानवीय क्षति गराउन सक्ने भन्दै त्यसतर्फ सावधानी अपनाउन आग्रह गरेको छ । परिसरले यस्ता गतिविधिले कोठाभित्र अक्सिजन कम हुँदै जाँदा सुरुमा टाउको दुख्ने, वाकवाकी लाग्ने, रिङ्गटा लाग्ने र निस्सासिएर बेहोस् भई अन्ततः मानिसको मृत्यु हुने भएकाले त्यसप्रति सचेत हुने भनेको छ । मुख्यगरी आफूबाहिर निस्किदा बन्द कोठामा हिटर बालेर नछाड्न, ढोका झ्यालका छिद्राहरूमा बोरा, कपडा राखी हिटरलगायतका विद्युतीय उपकरण नबाल्न, चुलो, मकल, कराइमा दाउरा कोइला बाली रातभर कोठाभित्र नराख्न, झ्याल ढोका बन्द गरी ग्यास गिजरको प्रयोग नगर्न, विद्युतीय उपकरणमा काम सकाएपछि पनि स्विच अन गरेर नछाड्न र ग्यास सिलिन्डरलाई काम सकिएपछि बन्द गर्न प्रहरीले सबैमा अनुरोध गरेको छ । यस्तै प्रहरीले चाँडै जल्ने सामग्री चुलो नजिक नराख्न पनि आग्रह गरेको छ ।

# ट्र्याक्टर दुर्घटनामा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १६ माघ**

म्याग्दीको रघुगङ्गा गाउँपालिका-४ दग्नाममा आइतबार भएको ट्र्याक्टर दुर्घटनामा एकजनाको मृत्यु भएको छ ।

पर्वतको मिलनचोकबाट दग्नाममा निर्माणाधीन अपर राहुघाट जलविद्युत् आयोजनाका लागि निर्माण सामग्री लिएर जाँदै गरेको ग१त ६०४४ नंको ट्र्याक्टर पानाकोट भन्ने ठाउँमा दुर्घटना भएको हो ।

ट्र्याक्टरको ढालाले च्यापिएर रोल्पाको सुनछहरी गाउँपालिका-३ का १८ वर्षीय नरजित घर्तिमगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङले जानकारी दिनुभयो ।

सडकबाट १४ फिट तल खसेको ट्र्याक्टरले च्यापिएर सख्त घाइते भएका घर्तिमगरलाई उपचारका लागि बेनी अस्पताल ल्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । मृतक घर्तिमगर ट्र्याक्टरको सहचालक भएको प्रहरीले जनाएको छ ।

ट्र्याक्टरका चालक रोल्पाको सुनछहरी गाउँपालिका-३ का जनक घर्तिमगरलाई अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको छ । मृतकको शवपरीक्षणका लागि बेनी अस्पतालमा राखिएको छ ।